नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १५५ २०७९ साल माघ ४ गते बुधबार (18 Jan. 2023 Wednesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : "टाउकैमाथि जहाज खस्यो,... ३ पृष्ठमा : आर्थिक र पारिवारिक समस्योल... ३ पृष्ठमा : क्यालिफोर्नियामा वर्षा र..

## विमान दुर्घटनामा मृत्यु हुनेहरुको सम्झनामा दीप प्रज्वलन



**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

पोखरामा भएको विमान दुर्घटनमा ज्यान गुमाएकाहरुको आत्मशान्तिको कामना गर्दै मंगलबार राजविराजमा दिपप्रज्वलन गरिएको छ ।

मंगलबार प्रेस सेन्टर नेपाल सप्तरी शाखाले राजविराजस्थित शहिद दशन चौकमा दीप प्रज्वलन गरेको हो ।

माघ १ गते माघे संक्रान्तिका दिन विमान दुर्घटनामा प्रेस सेन्टर नेपालका उपाध्याक्ष समेत रहेका नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेलसहित ७२ जनाले ज्यान गुमाएका थिए । उनीहरुको मृतआत्माको शान्तिका लागी दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको प्रेस सेन्टर सप्तरी शाखाका अध्यक्ष दिनानाथ यादवले बताए ।

दीप प्रज्वलन कार्यक्रममा प्रेस सेन्टरका केन्द्रिय सल्लाहकार देबराम यादव, सेन्टरका मधेश प्रदेश महासचिव गोपाल प्रसाद गुप्ता, पत्रकार महासंघका पुर्व केन्द्रिय सदस्य अवधेश झा लगायतको संचारकर्मी तथा नगरवासी सहभागी भएका थिए ।

यस अघि अघिल्लो दिन फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझी, प्रदेश सभा सदस्यद्वय महेश प्रसाद यादव, सतिष कुमार सिंह, राष्ट्रिय एकता अभियानकी उपाध्यक्ष सुनिता साह र नागरिक संजाल सप्तरीका अध्यक्ष थानसिह भन्सालीको अगुवाईमा विमान दुर्घटनामा ज्यान गुमाएकाहरुको आत्मशान्तिका लागी स्थानीय गजेन्द्र चौकमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको थियो ।

त्यस्तै सोमबारै सामुदायिक सेवा केन्द्रको आयोजना र जिल्ला प्रहरी कार्यालय सप्तरीको सहकार्यमा गजेन्द्र चौक र शहिद दशन चौकमा दीप प्रज्वलन गरिएको थियो ।

## शम्भुनाथका इन्जिनियर साह घुस लिदालिदै पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा कार्यरत इन्जिनियर रामचन्द्र साह १ लाख ४० हजार घुस रकमसहित कार्यालयबाटै पक्राउ परेका छन् ।

निर्माण कार्यको भुक्तानी बापत घुस लिदा लिदै इन्जिनियर साहलाई अख्तियार अनुसन्धान आयोग इटहरीको टालीले उनकै कार्यकक्षबाट पक्राउ गरेको हो ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार नगरपालिकाद्वारा संचालित आयोजनाको काम सम्पन्न गरिसकेका एक सेवाग्राहीसँग घुस मागेको गोप्य सूचना प्राप्त भएपछि आयोगबाट टोली परिचालन गरिएको थियो ।

इन्जिनियर साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान इटहरी कार्यालयले जनाएको छ ।

## प्रहरीद्वारा दुई थान टिभी बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाबाट प्रहरीले भारतबाट भन्सार छलेर नेपाल ल्याउँदै गरेको दुई थान टिभि नियन्त्रणमा लिएको छ ।

सो गाउँपालिका वडा नं. ३ स्थितमा भारतबाट भन्सार छलेर चोरी पैठारी गरी ल्याइरहेको दुई थान टिभी प्रहरी टोलीलाई देख्ने बित्तिकै मानिसहरु फरार भएको प्रहरीले जनाएको छ ।

एक लाख १० हजार मुल्याङ्कन गरिएको टिभी सोमबारै आवश्यक कारवाहीका लागी भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


### जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**


## मधेश प्रदेशको सभामुखमा रामचन्द्र मण्डल निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

मधेश प्रदेशको सभामुखमा नेकपा एमालेका रामचन्द्र मण्डल निर्वाचित भएका छन् । मण्डल निर्वाचित भएको सभाका अध्यक्षता गरेका जेष्ठ सदस्य गोबिन्दबहादुर न्यौपानेले घोषणा गरेका छन् ।

मंगलबार प्रदेशसभामा भएको सभामुखको निर्वाचनमा रामचन्द्र निर्वाचित भएका हुन् । निर्वाचनमा रामचन्द्रको पक्षमा ७४ मत र नेपाली कांग्रेसबाट सभामुखका उम्मेदबार जंगीलाल रायलाई २९ मत परेको थियो ।

उनलाई सत्ता गठबन्धन घटक दल नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजावादी र ४ स्वतन्त्र सांसदले पक्षमा मतदान गरेका थिए । बिपक्षमा कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीका सांसदले मतदान गरेका थिए ।

प्रदेश सभामा एमालेका २३, कांग्रेस २२, जसपा १६, जनमत १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र माओवादी केन्द्रका ९/९, एकीकृत समाजवादीका ७ सांसद छन् भने नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक/एक जना सांसद छन् । यस्तै पाँचजना स्वतन्त्र सांसद छन् ।

## छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ३ माघ ।**

सुनसरीमा दुई छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । धरान-३ पुरानो बजारमा सोमबार सिटी सफारी दुर्घटना धरान-१५ का १९ वर्षीय ठिना लिम्बूको मृत्युभएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय धरानका अनुसार प्रदेश१-०२-००३ ह २६५५ नंको सिटी सफारी आफैं अनियन्त्रित भई दुर्घटना हुँदा लिम्बू गम्भीर घाइते भएकामा उपचारका क्रममा विपी कोइराला विज्ञान प्रतिष्ठान धरानमा उनको मृत्यु भएको थियो । सिटी र चालक धरान-११ का ज्ञानबहादुर थापा प्रहरीको नियन्त्रणमा रहेका छन् ।

त्यसैगरी बराहक्षेत्र-७ बत्तीस आरडीस्थित सुनसरी-मोरङ सिँचाइ आयोजना नहरमा डुबेर ४० वर्षीय वीरबहादुर थापा (हिमाल)को निधन भएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार बत्तीस पुलबाट नहरमा थापा बेपत्ता भएका थिए ।

नहरमा डुबेर बेपत्ता भएको थाहा पाएसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी तथा स्थानीय खोजीकार्यमा लागिपरेका थिए । बेपत्ता भएको करिब दुई घण्टापछि एक किलोमिटर टाढा सेरेचोक नजिक शव भेटिएको थियो । घटनाका विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ट्रकको ठक्करबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**

सिरहाको धनगढीमाईमा मंगलबारविहान कोइला बोकेको भारतीय ट्रकले मोटरसाइकलाई ठक्कर दिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ ।

धनगढी-बडियारपट्टी भित्री सडकअन्तर्गत धनगढीमाई नगरपालिका- ५ गोठचोक नजिक दक्षिणबाट उत्तर आइरहेको प्रदेश२-०१०६प ५२९७ नंको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको डब्यूबी६५वी ७४३९ नंको ट्रकको ठक्करबाट सिरहाकै सुखीपुर नगरपालिका-

*बाँकी अन्तिम पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार तपाईकै सहर राजविराजमा




आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७१२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# पत्रकारिताका मूल्य र मान्यतालाई सम्मान गर्न आग्रह

काठमाडौं, ३ माघ (रासस)।

दक्षिण एसियाली मुलुकका पत्रकारहरूको संस्था सार्क पत्रकार मञ्च (एसजेएफ) को भारतमा सम्पन्न 'राष्ट्र निर्माणमा पत्रकारको भूमिका' विषयक दुईदिने सञ्चार सम्मेलनले सात बुँदे दिल्ली घोषणापत्र जारी गरेको छ।

भारतको ग्रेटर नोइडास्थित गौतमबुद्ध विश्वविद्यालयको सहकार्यमा यही जनवरी ११ र १२ मा सम्पन्न सम्मेलनले पत्रकारिता तथा आमसञ्चारका मूल्य–मान्यता, आचारसंहिता र सिद्धान्तको सम्मान गर्दै सञ्चारमाध्यमबाट प्रवाहित हुने सबै सन्देशलाई आवाजविहीनहरूको आवाज बनाउँदै प्रेस एवम् अभिव्यक्ति स्वतन्त्रताका लागि प्रतिबद्धता व्यक्त गरेको छ। सम्मेलनले जारी गरेको घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका हरेक पक्ष तथा पत्रकारको पेसागत सन्तुष्टी र सुरक्षा सुनिश्चित गर्न सार्क राष्ट्रका सबै सरकारलाई आग्रह गरिएको मञ्चका अन्तराष्ट्रिय अध्यक्ष राजु लामाले जानकारी दिनुभयो।

पत्रकारको अधिकारको सम्मान, आफूले प्रकाशन गर्न चाहेको सञ्चारमाध्यमका लागि सूचना सङ्कलन र सम्प्रेषण, सार्क क्षेत्रका सबै देशमा उदाउँदो आमसञ्चार र पत्रकारिता उद्योगलाई राज्यको चौथो अङ्गको रूपमा स्थापना गर्न पनि माग गरिएको छ।

सार्क देशका सबै कर्पोरेट एजेन्सीलाई मूल्य, मान्यता र नैतिकताका साथ काम गर्न, सामाजिक परिवर्तनका लागि जनमत र स्वाधीनतासहितको राष्ट्र निर्माणको चिन्तन विकास गर्नाका साथै विकास, प्रगति तथा स्थायित्वका लागि सार्क मुलुकका सबै सरकारलाई यस क्षेत्रमा दिगो शान्ति कायम गर्न सम्मेलनले आग्रह गरेको छ।

करिब ५० समानान्तर विषयगत सत्रमा कार्यपत्र प्रस्तुत भएको सो सम्मेलनको उद्घाटनसत्रमा भारतीय जनसञ्चार संस्थानका महानिर्देशक प्राडा सञ्जय द्विवेदी तथा विश्वविद्यालयका उपकुलपति प्राडा आरके सिन्हा, समापनसत्रमा भारतको केन्द्रीय उद्योगमन्त्री डा महेन्द्रनाथ पाण्डेले सम्बोधन गर्नुभएको थियो।

सम्मेलनमा मञ्चका महासचिव मोहम्मद अब्दुर रहमानले प्रस्तुत गर्नुभएको साङ्गठनिक प्रतिवेदन पारित भयो। मञ्चको भारत शाखामा डा अनिरुद्ध सुधाम्शुको नेतृत्वमा कमिटी पुनः गठन गरेको छ। अन्तर्राष्ट्रिय समितिको रिक्त सदस्यमा भारतका पत्रकार प्राडा स्मृता मिश्रलाई चयन गरेको छ। सम्मेलनमा नेपाल शाखाका संयोजक प्रकाश सिलवालको नेतृत्वमा २० नेपाली पत्रकारका साथै श्रीलङ्का, बङ्गलादेश तथा भारतका विभिन्न प्रान्तका पत्रकार गरी करिब दुई सय सञ्चारकर्मीको सहभागिता थियो। मञ्चले आगामी वर्षको सम्मेलन बङ्गलादेशको ढाकामा आयोजना गर्ने जनाएको छ।

# "टाउकैमाथि जहाज खस्यो, भाग्यले बाँचे"

पोखरा ३ माघ (रासस)।

फुर्सद भयो कि सेती खोँचमा माछा मार्न जाने कुमार आलेको बानी थियो। आइतबार बिहान साढे १० बजे तिर उहाँ सधैंजसो बल्छी बोकेर माछा मार्न खोँच झर्नुभयो। नदीमा बल्छी थापेको त्यस्तै १०/१५ मिनेट जति भएको हुँदो हो माथिबाट आएको ठूलो आवाज उहाँको कानमा नराम्रोसँग ठोक्कियो। एकैछिन दिमागमा सन्नाटा छायो।

"केही सोच्नै नपाउँदै एकाएक ढुङ्गाहरू खस्न थाले, खसेका ढुङ्गा पिठ्युँ र खुट्टामा बजारिए", त्यो दिनको घटना सम्झँदै गर्दै ३७ वर्षे उहाँले भन्नुभयो, "ढुङ्गा बजारिएपछि म पानीमा कतिबेला पुगेछु पत्तै भएन।"

यतिकैमा आगो र धुँवाको कालो मुस्लो देखियो। ढुङ्गा र आगोको झिल्का खोँचमा निरन्तर झरिरहेका थिए। उहाँ पानीबाट निस्किएर अलिक पर कुनामा रहेको चट्टानमुनी ओत लाग्नुभयो। "कसैले बम पड्काएको हो कि भन्ने लाग्यो", उहाँले सुनाउनुभयो, "ढुङ्गा झर्न अलिक कम भएपछि जसोतसो त्यहाँबाट निस्केर छिटोछिटो उकालो लागेँ।"

केही मिनेटको उकालो चढेपछि जलिरहेका जहाजका टुक्रा देखिए। उहाँलाई तबमात्रै जहाज दुर्घटना भएको रहेछ भन्ने यकिन भयो।

"बुढापाकाहरू काल नआएसम्म मरिन्न भन्थे, हो जस्तो लाग्यो", उहाँले भन्नुभयो, "आइतबार त्यस्तै भयो, म ठूलो भाग्यले बाँचे।"

खुट्टा र पिठ्युँमा लागेको चोट देखाउँदै आलेले भन्नुभयो, "धन्न ढुङ्गा टाउकोमा लागेन नत्र म पनि बाँच्ने थिइन, खुट्टा र पिठ्युँमा हेर्नुस् त कति नराम्ररी चोट लागेको छ, अहिले हिँड्न पनि गाह्रो भएको छ।"

आले यती एयरलाइन्सको विमान दुर्घटना भएको स्थलबाट पाँच मिनेटको पैदल दूरीको नागार्जुन टोलमा बस्नुहुन्छ। त्यहीँकै राम बल्क उद्योगमा चालकका रूपमा काम गर्न थालेको १० वर्ष भयो। तनहुँ कुर्लुङका आलेका चार छोरी र एक छोरा छन्। "भगवानले मलाई बचाउनु भयो, नत्र श्रीमती र बालबच्चाको के हाल हुन्थ्यो होला ?"

अहिले आले टाउकै माथि जहाज खस्दा पनि बाँच्न पाएकोमा भगवान धन्यवाद दिँदै बस्नुभएको छ। "यो त मेरो ठूलो भाग्यो हो, म बाँचे तर आँखा अगाडिको यत्रो जहाज दुर्घटना र त्यहाँ सवार यात्रुको मृत्युको खबरले भने विक्षिप्त बनाएको छ, नजिक गएर त्यहाँका दृश्य हेर्ने आँट पनि आएको छैन", उहाँले भन्नुभयो।

पोखरा महानगरपालिका वडा नं १५ स्थित सितारामको प्लटिङ भनेर चिनिने स्थान नजिकको सेतिको खोँचमा आइतबार करिब ११ बजे आसपासमा यति एयरलाइन्सको ७२ सिटे जहाज दुर्घटना ७० जनाको शव फेला परेको छ। बाँकी दुई जनाको खोजी अझै जारी छ।

घटनास्थलबाट निकालिएका शवलाई पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पोष्टमार्टम भवनमा राखिएको छ। अस्पताल स्रोतका अनुसार काठमाडौं शिक्षण अस्पतालका फरेन्सिक प्रमुख टोलिको नेतृत्वमा र पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठान तथा अन्य शिक्षण संस्था फरेन्सिक विज्ञ चिकित्सकबाट शवको वर्गीकरण गर्ने काम सकिएको छ।

सनाखत गर्न मिल्ने शवको परिवारसँग 'भेरिफाइ'को काम भइरहेको छ। भेरिफाइपछि शवको पोस्टमार्टम शुरु भएको छ। थप सनाखत गर्नुपर्ने देखिएका डीएनए परीक्षणका लागि काठमाडौं पठाउने तयारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार ४६ जनाको शव काठमाडौं पठाउनु पर्ने र बाँकी २३ जनाको पोखरामै पोष्टमार्टम गरी आफन्तलाई बुझाइने छ।

# यस्तो बन्यो नयाँ मन्त्रिपरिषद् : अधिकांश नयाँ अनुहार

काठमाडौं, ३ माघ (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मन्त्रिपरिषद् विस्तार गर्नुभएको छ। गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनु भएका दाहालले मंगलबार दोस्रो चरणमा मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो।

गत पुस ११ गते पद तथा गोपनियताको शपथ लिँदै आठ सदस्यीय मन्त्रिपरिषद् बनाउनु भएको हो। मंगलबारको विस्तारपछि पनि मन्त्रिपरिषद् अझै पूर्ण बन्न सकेको छैन। वन तथा वातावरण र युवा तथा खेलकूद मन्त्रालयको जिम्मेवारी भने प्रधानमन्त्री आफैले लिनुभएको छ। प्रधानमन्त्री दाहालको मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार समेटिएका छन्। राजनीतिमा स्थापित भएपनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषद्मा समेटेर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गर्नुभएको छ।

नेकपा (एमाले), नेकपा( माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीकातर्फबाट सरकारमा सहभागिता रहेको छ। जनता समाजवादी पार्टीबाट पनि मन्त्रिपरिषद्मा सहभागी हुने बताइएपनि अन्तिममा सो दलकातर्फबाट भने सहभागी भएनन्। गत पुस ११ गते नै उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीमा विष्णु पौडेल, उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्रीमा नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री एवम् गृहमन्त्रीमा रबी लामिछानेले जिम्मेवारी सम्हालिसक्नु भएको छ। मंगलबारमात्रै उपप्रधानमन्त्री एवम् ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीमा राजेन्द्रप्रसाद लिङ्देनले जिम्मेवारी सम्हाल्नुभएको छ।

नवगठित मन्त्रिपरिषद्मा रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि, विक्रम पाण्डे शहरी विकास, ज्वालाकुमारी साहले कृषि तथा पशुपंक्षी विकास मन्त्रीको जिम्मेवारी पाउनुभएको छ।यस्तै, दामोदर भण्डारी उद्योग वाणिज्य तथा आपूर्ति, राजेन्द्रकुमार राई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अब्दुल खान खानेपानी, डा विमला राई पौड्याल परराष्ट्र, पदम गिरी स्वास्थ्य तथा जनसङ्ख्या, भगवती चौधरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक, हरिप्रसाद उप्रेती रक्षा, सुदन किराती संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अमनलाल मोदी सङ्घीय मामिला तथा सामान्य प्रशासन, शिशिर खनाल शिक्षा, विज्ञान तथा प्रविधि, डोलप्रसाद अर्यालले श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी पाउनु भएको छ।

यस्तै, ध्रुवबहादुर प्रधानले कानून, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारी सम्हाल्दा सुशीला सिर्पाली ठकुरीले संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री, डा तोसिमा कार्की स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री र दिपबहादुर सिंहले ऊर्जा, जलस्रोत तथा सिँचाइँ राज्यमन्त्रीको जिम्मेवारी पाउनु भएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, सप्तरी

# आर्थिक र पारिवारिक समस्याले बढ्दो हत्या

**नानीमैंया कटवाल**
सप्तरी, ३ माघ (रासस)।

आर्थिक र पारिवारिक समस्याको साथै नैराश्यताका कारण उत्पन्न आवेगले पनि पछिल्लो समय हत्याको घटना बढ्दै गएको छ। सप्तरीमा एक वर्षको अवधिमा भएको १२ वटा हत्याको घटनामा सामान्य विवाद, डिप्रेसन र रिस नै कारण रहेको एक अध्ययनले देखाएको छ।

इन्सेकको सन् २०२२ को प्रतिवेदनअनुसार २०७८ पुस १७ देखि २०७९ पुस १६ गतेसम्म सप्तरीमा भएका छ पुरुष, चार महिला र दुई बालक गरी १२ वटा हत्या पारिवारिक विवाद, मादक पदार्थ सेवन, डिप्रेसन, सम्पत्ति र जग्गा विवाद तथा तत्काल उठेको रिसका कारण भएको इन्सेक प्रतिनिधि मनोहर पोखरेलले बताउनुभयो।

एक वर्षको अवधिमा बढी चर्चामा रहेको घटनामा सशस्त्र प्रहरी सहायक निरीक्षकको हत्या र पेट्रोल छर्केर भाउजूको हत्या गरेको घटना रहेको छ। छिन्नमस्ता गाउँपालिका-३ गोविन्दपुरस्थित सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट (बिओपी) भित्रै सिरहा भगवानपुर गाउँपालिका-२ नरहाका ४५ वर्षीय सशस्त्र प्रहरी सहायक निरीक्षक सत्यनारायण यादवको २०७९ असोज १९ गते हत्या भएको थियो।

हत्याको आरोपमा सशस्त्र प्रहरी जवान ओखलढुङ्गा जिल्ला खिजिदेम्बा गाउँपालिका-२ का ३९ वर्षीय होमबहादुर खत्री कात्तिक २२ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्। यादवको शव नेपाल-भारत सीमाभन्दा तीन किलोमिटर दक्षिण भारत बिहार राज्यको मधुवनी जिल्लाअन्तर्गत जिरोगा पुनर्वासस्थित घोडदह खोलामा असोज २० गते नाङ्गो अवस्थामा फेला परेको थियो। उक्त घटना सीमा क्षेत्रमा हुने तस्करी र पदीय शक्ति हाबी हुने प्रवृत्ति रहेको बताइएको छ।

यस्तै बोदे बर्साइन नगरपालिका-१ धनगढीकी २७ वर्षीया राजकुमारी साहलाई पेट्रोल छर्केर आगो लगाई हत्या गरेको आरोपमा उनकै देवर २१ वर्षीय परमेश्वर साह असार ७ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। घरबाटै गत जेठ १५ गते पक्राउ परेका युवा कुलतमा फसेका र डिप्रेसन कारण घटना भएको प्रहरीले जनाएको छ।

राजविराज नगरपालिका-१ चनौरा पडरियाकी ४० वर्षीया गीतादेवी रजकको हत्या स्वीकारेका उनका श्रीमान् ५२ वर्षीय भैयालाल भनिने हिरालाल रजक पुस ६ गतेदेखि राजविराज कारागारमा थुनामा छन्। उनलाई सर्बस्वसहित जन्मकैद सजाय भएको छ। श्रीमान्‌ले विदेशमा कमाएको रुपियाँ हिनामिना गरेको विषयमा विवाद हुँदा हत्या गरिएको अवस्थामा मङ्सिर १० गते राजविराज नगरपालिका-१ स्थित प्राङ्गारिक मल बनाउने निर्माणाधीन खुल्ला भवनको प्यासेजभित्र गीताको शव फेला परेको थियो।

यस्तै सुरुङ्गा नगरपालिका-२ घुमाउने चौरीकी ४३ वर्षीया देवकुमारी सदाको हत्या आरोपमा उनका श्रीमान् ४९ वर्षीय अघना भनिने अगहनु सदाले छ महिना कैद सजाय भोगेका छन्। सामान्य घरायसी विवादमा कुटपिट गर्दा फागुन २९ गते देवकुमारीको मृत्यु भएको थियो। जम्मा ५० हजार रुपियाँ धरौटी राख्न नसक्दा पुर्पक्षका लागि थुनामा बसेका अगहनुलाई अदालतले गत भदौ ६ गते कैद सजाय तोकेको हो।

यस्तै साइकलले बालकलाई सामान्य ठक्कर दिएको विषयमा उत्पन्न विवादमा डाक्नेश्वरी नगरपालिका-८ प्रवाहापट्टि टोलकी ६० वर्षीया जीरादेवी मण्डलको हत्या भएको घटनामा सोही ठाउँका राजेश्वर शर्मा साउन २४ गतेदेखि कारागारमा थुनामा छन् भने रीनाकुमारी शर्मा पुस १४ गते दुई लाख रुपियाँ धरौटी राखी तारेखमा रिहा भएकी छिन्। खेतबालीका लागि मल लिएर घरतर्फ आइरहेका २६ वर्षीय मनोज मण्डल सवार साइकलले एक बालकलाई दिएको ठक्करले उत्पन्न विवादका क्रममा आरोपितहरूले कुटपिट गर्न थालेपछि आफ्नो छोरालाई बीचबचाउ गर्न आएकी जीरादेवीको कुटपिटबाट मृत्यु भएको थियो।

कञ्चनरूप नगरपालिका-१ बैरवाका ५० वर्षीय पप्पु भनिने सञ्जय राउतको हत्या घटना पत्ता लागेको छैन। घाँटी रेटी हत्या गरेको अवस्थामा गत मङ्सिर १३ गते उनको शव घरदेखि साढे एक सय मिटर उत्तरमा रहेको पोखरीमा घोप्टो अवस्थामा फेला परेको थियो। शव भेटिएको स्थानमा एउटा हँसियासमेत भेटिएको छ। राजविराजमा २०७८ साल माघ १६ गते हत्या गरी गाडेको अवस्थामा फेला परेको नवजात शिशुको हत्यारा पहिचान हुन सकेको छैन। हत्यामा आर्थिक कारण हुन सक्ने स्थानीयवासीको अनुमान छ।

अग्निसाइर कृष्णसवरन गाउँपालिका-५ धिमारका १७ वर्षीय विशाल चौधरीलाई मादक पदार्थ खाई कुटपिट गर्दा मृत्यु भएको भनी प्रहरीले उनका बुवा ५० वर्षीय राजेन्द्र चौधरीलाई भदौ ८ गते पक्राउ गर्‍यो। मृतकका मामाले रामकुमार चौधरीले घटनाको सत्यतथ्य छानबिन गर्न र हत्या गरेको खुलेमा दोषीमाथि कारबाही गर्न माग गर्दै निवेदन दिए। आरोपितलाई गत भदौ ११ गते निजकी छोरीको जमानीमा छाडिएकामा उजुरी दिन कोही सम्पर्कमा नआएपछि उक्त घटना भवितव्य ज्यानमा दर्ता भएको छ।

राजविराज नगरपालिका-१२ सिग्यौनका ३५ वर्षीय हरिदेव सदाको हत्या घटना भयो। हत्या आरोपमा गत भदौ ९ गतेदेखि अग्निसाइर कृष्णसवरन गाउँपालिका-२ भुडकी सीतापुर घर भई राजविराज नगरपालिका-१२ मा पसल गरी बस्ने ४५ वर्षीय रामकुमार सदा पुर्पक्षका लागि कारागारमा थुनामा छन्। अर्का आरोपित राजविराज नगरपालिका-११ का बौका यादव हालसम्म पक्राउ परेका छैनन्। मादक पदार्थ सेवन गरेपछि उत्पन्न विवादमा २०७८ साल माघ २९ गते कुटपिटबाट सदाको हत्या भएको सप्तरी प्रहरीले जनाएको छ।

मादक पदार्थ सेवन गर्ने साथीहरूबीच भएको झगडामा रूपनी गाउँपालिका-५ बसविट्टीका २५ वर्षीय अन्सारुल मियाँको हत्या भएको प्रहरी अनुसन्धानले देखाएको छ। हत्या आरोपमा बैशाख २२ गतेदेखि पुर्पक्षका लागि रूपनी गाउँपालिका-५ बसविट्टीका २२ वर्षीय लालु भनिने जयराम खड्ग थुनामा परेका छन्। सोही ठाउँका १९ वर्षीय दीपक भनिने दीपेन्द्रकुमार खड्ग दुई लाख रुपियाँ धरौटीमा छुटेका छन्।

बालसुधार गृह वीरगञ्ज पठाइएका १७ वर्षीय बालकलाई जेठ २३ गते संरक्षकको जिम्मा लगाइएको छ। अदालतमा असार ९ गते हाजिर भएका ४५ वर्षीय रामशुभक खड्ग र सोही ठाउँका २० वर्षीय मो. फरिद भनिने मो. उमर राइन जनही दुई लाख धरौटी राखी तारेखमा रिहा भएका छन्। कर्तव्य गरी मारेर पानीको पोखरीमा फालेको अवस्थामा अन्सारुलको शव चैत ७ गते फेला परेको थियो।

खडक नगरपालिका-४ पंसेरास्थित पासवान टोलका २७ वर्षीय सन्तलाल पासवानको हत्या आरोपमा सोही ठाउँका ४१ वर्षीय दिलीपकुमार चौधरी जेठ ११ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। विवाहमा जन्ती अघिअघि आएको डिजे बाजालाई विवाहस्थल पुग्नुअगाडि गाउँका केही युवाले रोकेपछि २०७९ साल बैशाख १२ गते सुरु भएको विवादमा पासवानमाथि चौधरीसहितका आरोपितहरूले कुटपिट गरी घाइते बनाएका थिए। घाइते पासवानको उपचारका क्रममा नोबेल अस्पताल विराटनगरमा वैशाख १४ गते मृत्यु भएको थियो। अन्य छजना आरोपित हालसम्म फरार छन्।

खडक नगरपालिका-९ लालपट्टिका ६० वर्षीय बौला चौधरीको हत्या गरेको आरोपमा सोही ठाउँका २० वर्षीय उदयकान्त चौधरी पुर्पक्षका लागि कारागारमा थुनामा छन्। आरोपितले असार २९ गते गरेको आक्रमणबाट साउन १५ गते मृत्यु भएको भन्दै पीडित पक्षबाट इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दर्ता भएको थियो। आरोपितको घरमा काम गर्ने पीडितलाई बसिरहेको ठाउँमा पछाडिबाट ढोकाको आग्लोले एक्कासि प्रहार गर्दा बौला घाइते भएका थिए।

यसरी सबैजसो घटना डिप्रेसन, आर्थिक तथा पारिवारिक समस्या र मादक पदार्थ सेवनका कारण भएको देखिएको छ। समूहले गरेको हत्या घटनामा अर्कोमाथि हाबी हुने प्रवृत्ति र तत्कालको आवेग रहेको पाइएको प्रहरीले जनाएको छ। घटनाकै कुरा गर्दा पारिवारिक विवाद, डिप्रेसन, मानसिक समस्या, अनैतिक सम्बन्ध, सम्पत्ति, जग्गा विवाद र लेनदेन कारण हुने गरेको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले बताउनुभयो।

चिकित्सक डा रणजितकुमार झा यस्ता घटना मानसिक परिस्थितिको उपज रहेको बताउनुहुन्छ। विभिन्न कारणले मानिसमा आउने तनाव र आवेगले हत्या र आत्महत्या हुने गरेको डा झाको ठम्याइ छ। मनोविमर्शकर्ता कविता जयसवालले यस्ता घटना प्रायः मानसिक समस्याकै कारण हुने गरेको बताउनुहुन्छ। "मानसिक तनावपछि केही नदेख्ने, केही नसोच्ने अवस्था हुन्छ, त्यस्ले आफू या अरूलाई नोक्सान गर्छ र त्यो हत्यासम्म पुग्छ", जयसवालले बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एवम् प्रहरी उपरीक्षक काफ्लेले आर्थिक लेनदेन, डिप्रेसन र आवेगका कारणले यस्ता घटना हुने गरेको बताउनुभयो। यस्तो घटनाको कारण बुझ्न प्रहरीले घटनाहरूको अध्ययन गर्ने गरेको उहाँको भनाइ छ। हत्या घटना कम गर्न बेरोजगारी समस्या समाधान, सामाजिक सद्भाव र सकारात्मक सोचको विकास, लागूऔषध बिक्री वितरण र उत्पादनमा कडाइ, अभिभावकको निगरानी, कानुन कार्यान्वयनमा सबैको प्रतिबद्धता आवश्यक देखिन्छ।

# विमान दुर्घटना : अध्ययन गर्न एटीआर निर्माता कम्पनीको विज्ञ टोली नेपालमा

काठमाडौँ, ३ माघ (रासस)।

पोखरामा आइतबार विहान भएको यती एयरलाइन्सको एटीआर विमान दुर्घटनाबारे अध्ययन गर्न फ्रान्सबाट विज्ञ टोली नेपाल आइपुगेको छ।

एटीआर विमान निर्माता कम्पनीको नौ सदस्यीय विज्ञ टोली नेपाल आइपुगेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले जानकारी दिनुभयो। "एटीआर निर्माता कम्पनीबाट काठमाडौँ आएको नौ सदस्यीय विज्ञ टोली मंगलबारै पोखरा पुगिसकेको छ", उहाँले भन्नुभयो, "विमान दुर्घटनापछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चासो बढेको छ।"

सरकारले विमान दुर्घटनापछि पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरिसकेको छ। आयोगसदस्यमा हवाई विज्ञका रूपमा नेपाली सेनाका अवकाशप्राप्त उपरथी दीपकप्रसाद बाँस्तोला र अवकाशप्राप्त क्याप्टेन सुनिल थापा रहनुभएको छ। साथै हवाई मर्मत विज्ञ एकराज जङ्ग थापा र आयोगको सदस्य सचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ। आयोगले जाँचको काम सुरु गरिसकेको छ।

विमान दुर्घटनामा परेका ७० जनाको शव प्राप्त भइसकेको छ भने बाँकी दुई जनाको खोजी जारी छ। उद्धार गरिएको शवमध्ये २२ वटा शव सनाखत गरी पोखरामै आफन्तलाई बुझाइने छ भने बाँकी शव नेपाली सेनाको हेलिकोप्टरमार्फत् काठमाडौँ ल्याइनेछ।

## विश्व समाचार

# क्यालिफोर्नियामा वर्षा र आँधी जारी, जनजिवन प्रभावित

लस एन्जलस, ३ माघ (रासस/सिन्हवा)।

अमेरिकाको क्यालिफोर्निया राज्यमा केही दिनदेखि आँधी र हिमपात जारी रहेको बताइएको छ।

सोमबार पनि यहाँ थप वर्षा र हिमपात भएको छ। सो हिमपातका कारण यहाँका लाखौं नागरिक प्रभावित भएका छन्।

क्यालिफोर्नियामा आँधीले ठूलो जनधनको क्षति गरेको छ। बाढीका कारण यहाँका धेरै घर भत्किएका यहाँका विपद् व्यवस्थापन अधिकारीहरुले जानकारी दिएका छन्। उनीहरुका अनुसार यस प्राकृतिक प्रकोपमा हालसम्म १९ जनाको ज्यान गएको छ भने धेरै मानिस घरबारविहीन भएका छन्। स्थानीय प्रशासनले उद्धारका लागि अभियान चलाएको छ तर निरन्तरको आँधीका कारण नागरिकहरुको उद्धार हुन सकिरहेको छैन।

यहाँको राष्ट्रिय मौसम सेवाले आगामी दिनमा क्यालिफोर्निया र प्यासिफिक उत्तरपश्चिमी क्षेत्रमा थप आँधी आउन सक्ने र यसबाट ठूलो विनाश निम्त्याउन सक्ने अनुमान पनि गरेको छ। यहाँको स्थानीय सलिनास नदीमा पानीको सतह खतराको तहमा पुगेको बताइएको छ।

नदीमा देखिएको खतरापछि यहाँका उद्धारकर्मीहरुले हजारौं मानिसलाई सुरक्षित स्थानमा सारिएको बताएका छन्।

क्यालिफोर्नियाका स्थानीय सञ्चारमाध्यमका अनुसार क्यालिफोर्नियामा आएको बाढीले गत हप्तामा मात्र दुई लाख भन्दा बढी घर र व्यवसायहरूले बिजुली कटौतीको सामना गरेका छन्। यहाँ हप्ता दिनभन्दा लामो समयदेखि नै निरन्तरको वर्षाका कारण बाढी र पहिरो समेत आएको छ। यसका कारण यहाँका नागरिकले आधारभूत आवश्यकताको पनि जोहो गर्न नसकेको बताइएको छ।

अधिकारीहरुले खराब मौसमका कारण बाढी र पहिरोको पनि समस्या देखिएको बताएका छन्। जसका कारण सवारी आवागमन पूर्णरुपमा अवरुद्ध भएको छ। यहाँका खेती लगाइएका खेतहरु तथा सडकहरू पनि डुबानमा परेका छन्।

# आफन्तको शव पहिचान गर्न युपीका चार जना नेपाल प्रस्थान

गाजीपुर (उत्तर प्रदेश), (रासस एएनआई)।

नेपालमा गत आइतबार भएको विमान दुर्घटनामा ज्यान गुमाएका उत्तर प्रदेश (युपी) राज्यको गाजीपुरका यात्रीको शव पहिचान गर्न मृतकका आफन्त छिमेकी देशतर्फ प्रस्थान गरेका छन्।

नेपालमा विमान दुर्घटनामा मृत्यु भएका उत्तर प्रदेशको गाजीपुरका चार जना पुरुष आफन्तीको शव पहिचान गर्न सोमबार नेपालतर्फ प्रस्थान गरेका जिल्ला प्रशासन कार्यालयका एक अधिकारीले बताए।

"म अनिल राजभरको बुबा हुँ, जिल्ला प्रशासनले हामीलाई नेपाल लैजाँदैछ, शव पहिचान गर्न डिएनए परीक्षण गरिने छ," रामदर्शन राजभरले भन्नुभयो। मध्य नेपालको पर्यटकीय शहर पोखरामा पाँच जना भारतीयसहित ७२ यात्रु बोकेको यति एयरलाइन्सको यात्रुवाहक विमान खोलामा खस्दा कम्तीमा ७० जनाको मृत्यु भएको थियो।

दुर्घटनाग्रस्त विमानको फ्लाइट डेटा रेकर्डर र ब्ल्याक बक्स नेपाली सेनाले नागरिक उड्डयन प्राधिकरणका अधिकारीलाई हस्तान्तरण गरिसकेको छ। दुर्घटनास्थलबाट हालसम्म ६९ जनाको शव निकालिएको छ। दुई इन्जिन भएको एटीआर ७२ विमान हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुनु केही मिनेटअघि दुर्घटना भएको थियो। पहिचान भएका शवको शल्यपरीक्षण गरिएको छ भने विदेशी र पहिचान हुन नसकेकालाई काठमाडौँ पठाइएको छ। यति एयरलाइन्सले दुर्घटनामा ज्यान गुमाएकाप्रति शोक व्यक्त गर्दै सोमबारको नियमित उडान रद्द गरेको थियो भने नेपाल सरकारले राष्ट्रिय शोक घोषणा गरेको थियो।

# शून्यमा झर्‍यो दिल्लीमा कोभिड-१९

नयाँदिल्ली, ३ माघ (रासस एएनआई)।

पछिल्लो २४ घण्टामा राष्ट्रिय राजधानीमा कोभिड-१९ का कुनै नयाँ बिरामी अभिलेख भएको छैन। सन् २०२० को मार्चमा महामारी शुरु भएदेखि यहाँ सङ्क्रलण शून्यमा झरेको पहिलो पटक हो।

दिल्ली स्वास्थ्य विभागले जारी गरेको स्वास्थय बुलेटिनअनुसार कोभिड-१९ पाजेटिभ दर ०.०० प्रतिशत रहेको तथा बितेका २४ घण्टामा सङ्क्रमित नभेटिए पनि शहरमा सक्रिय बिरामी १० जना छन्। सोही अवधिमा नौ जना कोभिडका बिरामी स्वास्थ्य लाभ गरेर घर फर्केका तथा देशभर उक्त सङ्ख्या १९ लाख ८० हजार सात सय ८१ पुगेको छ। चार करोड छ लाख ५० हजार एक सय १९ जनाले परीक्षण गराएका छन्।

देशभर जारी खोप अभियान प्रभावकरी रहेको जनाउँदै विभागले १५ जनालाई पहिलो डोज, ३२ जनालाई दोस्रो र १०३ जनालाई सावधानीको डोज लगाइएको छ। हालसम्म तीन करोड ७३ लाख ७० हजार छ सय ६३६ जनाले खोप लगाइसकेका छन्। नयाँदिल्लीमा फैलिएका कोभिडका तीन लहरमध्ये सन् २०२१ को अप्रिल-मेको दोस्रो लहर सबैभन्दा घातक थियो।

# मझौ मेयर कपको फाइनलमा

**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**
सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगितामा नमो बुध्द फुटबल टिम मझौ सप्तरी फाईनलमा प्रवेश गरेको छ ।
प्रतियोगिता अन्तर्गत मंगलवार सम्पन्न खेलमा त्रियुगा स्पोर्टस क्लब फतेपुर सप्तरीलाई शून्यका विरुद्ध एक गोल अन्तरले पाखा लगाउँदै मझौले फाइनलको यात्रा तय गरेको हो ।
अत्यन्तै प्रतिष्पर्धात्मक खेलको दोश्रो हाफको २१ औ मिनेटमा मझौका कृपा चौधरीले गोल गर्दै टिमलाई जित दिलाएको हो ।
प्रतियोगिता अन्तर्गत भोली बुधवार हुने दोश्रो सेमिफाइनलमा तालतलैया फुटबल टिम सुनसरी र बिभागीय टोली एपीएफ बर्दिबासले प्रतिष्पर्धा गर्ने संयासी युवा क्लबका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।
शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीया द्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको छ । प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद ५५ हजार तथा ट्रफि र उपविजेताले नगद ४५ हजार प्राप्त गर्नेछ ।

# नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीको शपथ

काठमाडौं, ३ माघ (रासस) ।
नवनियुक्त उपप्रधानमन्त्री, मन्त्री तथा राज्यमन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ । राष्ट्रपति कार्यालय शीतल निवासमा मंगलबार आयोजित विशेष समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले उपप्रधानमन्त्री एवम् ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्र लिङ्देनलगायतलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा राष्ट्रपति भण्डारीले मंगलबार मन्त्रिपरिषद् विस्तार गरी कार्य विभाजन गर्नुभएको हो । विशेष समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, सर्वोच्च अदालतका कायममुकाम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संवैधानिक अङ्गका प्रमुखलगायतको उपस्थिति थियो ।
नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सिफारिसमा मन्त्री नियुक्त भएकाहरूले पद तथा गोपनीयताको शपथ लिनुभएको हो ।
माओवादीबाट रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि, अमनलाल मोदी सङ्घीय मामिला तथा सामान्य प्रशासन, सुदन किराती संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको शपथ लिनुभएको छ ।
एमालेबाट डा विमला राई पौडेल परराष्ट्, हरि उप्रेती रक्षा, पदम गिरी स्वास्थ्य, भगवती चौधरी महिला बालबालिका तथा जेष्ठ नागरिक, ज्वालाकुमारी साह कृषि तथा पशुपक्षी विकास मन्त्रीको शपथ लिनुभएको छ ।
त्यस्तै राप्रपाबाट धुव्रबहादुर प्रधान कानुन न्याय तथा संसदीय मामिला र विक्रम पाण्डेले सहरी विकासमन्त्रीको शपथ लिनुभयो । त्यसैगरी दीपक सिंहले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीको शपथ लिनुभएको छ ।
त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिक्षामन्त्रीमा शिशिर खनाल, श्रम रोजगार तथा सामाजिक सुरक्षामा डोलप्रसाद अर्याल र स्वास्थ्य राज्यमन्त्रीमा तोसिमा कार्कीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।
गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका दाहालले पुस ११ गते पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । सोही दिन उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीमा विष्णु पौडेल, उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्रीमा नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री एवम् गृहमन्त्रीमा रवि लामिछानेले पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । एमालेका चार र जनमत पार्टीका अब्दुल खानले पनि सोही दिन मन्त्री पदको शपथ लिनुभएको थियो ।

### *ट्रकको ठक्करबाट ...*

८ का अन्दाजी ६५ वर्षीय राजेन्द्र साहको मृत्यु भएको हो ।
ट्रकको ठक्करबाट सख्त घाइते साहलाई स्थानीय स्वास्थ्य केन्द्रमा उपचारका लागि पुऱ्याए पनि उनको तत्काल मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । ठक्कर दिने ट्रक र चालक प्रहरी नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।


Koshi Victims Society (KVS)

**सिलाई मेशिन पाउदानीसहित खरिद सम्बन्धि दरभाउ पेश गर्ने प्रकाशित सूचना**

प्रकाशित मिति:–२०७९/१०/०३

यु.एस.एड.को सहयोगमा कोशी पीडित समाजद्वारा संचालित USAID Local Works: Saptari परियोजना अन्तर्गत समुदायका महिलाहरुको लागि तपशिलका सिलाई मेशिनहरु पाउदानी सहित खरिद गर्नुपर्ने भएकोले कोटेशन फारममा आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक स्थानीय तथा राष्ट्रिय कम्पनि फर्म तथा आपूर्तिकर्ताबाट शिलबन्दि दर भाउ पेश गर्नको लागि आव्हान गरिन्छ ।

**१. सिलाई मेशिन पाउदानीसहितको विवरण**
**तपशिल**

| क्र.सं. | सामाग्रीको नाम | सामग्रीको विवरण | आवश्यक संख्या |
|---|---|---|---|
| १. | सिलाई मेशिन पाउदानीसहित | मध्यम र गुणस्तरीय कम्तिमा ३ वर्ष ग्यारेन्टि/वारेन्टि भएको | १२ |

**दरभाउ पत्र पेश गर्ने प्रकिया: -**
दरभाउ पत्र पेश गर्दा सिलाई मेशिन पाउदानीसहित लेखि शिलबन्दि दर भाउपत्र मिति २०७९/१०/१० गते तदानुसार 24th January, 2023 ५:०० बजे भित्र कोशी पीडित समाज, राजबिराज-३ मा प्रत्यक्ष वा हुलाक मार्फत बुझाउन सकिने छ ।



# जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



# डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

# डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं ।**

- सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराईन्छ ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन ।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन् ।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*